# विगतमा संचालित बजारहरुको प्रभावकारिता अध्ययन

## २०७९।०८०


लुम्बिनी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

## बुटवल, नेपाल

फोन : ०७१- ५३३१०५

Website: https://doad.lumbini.gov.np

ई-मेल  doad.p5@gmail.com, doadplanningp5@gmail.com

## पुस्तिकाका बारेमा

दुई ठुला औधोगिक अर्थतन्त्रले घेरिएको नेपालको अर्थतन्त्र कृषिमा आस्रित रहेको छ। कृषि क्षेत्रको विकास विना देशको विकास असम्भव प्राःय देखिन्छ। कृषि उत्पादनलाई बजार संग जोड्न सकेमा मात्र प्रतिस्पर्धि व्यवसाय निर्माण भै उत्पादन, वितरण तथा बजारीकरणमा सन्तुलन आउनुका साथै उत्पादकत्व बृद्धिमा सकारात्मक नतिजा आउछ।समष्टिगत कृषि क्षेत्रको विकासको लागि बजारको विकास हुनु पुर्व शर्तको रुपमा मानिदै आएको छ ।प्रभावकारी कृषि बजार तथा बजारीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरुले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै हालको व्यवसायोन्मुख कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न सकरात्मक योगदान गर्न सक्दछ।

हालसम्म प्रदेशमा कति कृषि उपज बजारहरु संचालनमा छन् भन्ने तथ्याङ्क प्रदेशस्तरमा स्पष्ट हुन आवस्यक रहेको र कतिपय जिल्लाहरुमा समेत सो सम्बन्धी तथ्याङ्क एक रुपले कम अद्यावधिक भएको सन्दर्भलाई दृष्टिगत गरी यो कार्य थालनी गरिएको छ। यो प्रयासले कृषि बजार सम्बन्धी समय सापेक्ष तथ्याङ्क संकलन गरिएको र यसबाट प्रदेश स्तरको नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुग्ने विश्वास लिईएको छ । प्रदेश सरकार मार्फत प्रदेश भित्र संचालित कृषि उपज खुद्रा बजार, हाट बजार तथा संकलन केन्द्रहरुको वस्तु स्थिती बारे समग्र सूचना संकलन गर्ने प्रयास गरिएको छ। बजार सूचना संकलनमा लुम्बिनी प्रदेशका विभिन्न स्थानमा संचालित बजारहरुको नामावली सहित ती बजारहरु स्थान विवरण, क्षेत्रफल, भौतिक पुर्वाधारहरु, संचालित बजारहरुमा बार्षिक अनुमानित कारोबार, संचालन प्रकृयाका सम्बन्धमा साथै समग्र कार्य सम्पादन कस्तो अवस्थामा छ र कसरी भैरहेको छ भन्ने जानकारी समेट्ने प्रयास गरिएको छ । यो पुस्तिका प्रकाशनको लागि आधारभूत तथ्याङ्क संकलन, प्रशोधन तथा बिश्लेषण गरी यो पाण्डुलिपी तयार गर्न महत्वपुर्ण योगदान गर्नु हुने कृषि अर्थ विज्ञ श्री डिल्लीराज पौडेललाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस प्रकाशन संग जोडिनुहुने निर्देशनालयका सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनले लुम्बिनी प्रदेशमा संचालित कृषि उपज बजारहरुको अवस्थालाई चित्रण गर्दै कृषि विकास कार्यक्रम मार्फत बजार शृंखलाको पद्धतीलाई अवलम्बन गरी भावी कृषि कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण योगदान गर्ने विश्वास लिईएको छ । त्यसैगरी यस पुस्तिकाले कृषि विकासमा आवद्ध नीति निर्माता, कृषि प्रसार कार्यकर्ता, अनुसन्धानकर्ता साथै बजारीकरणमा आवद्ध बहुसरोकारवाला सम्पूर्ण व्यक्ति तथा संघ संस्थाहरुलाई उपयोगी सूचना प्रदान गर्नेछ भन्ने विश्वास लिईएको छ । यस पुस्तिकामा भएको सूचनालाई थप पुर्ण बनाई आगामी प्रकाशनमा समावेश गर्नको लागि यहाँहरुको सुझाव तथा सल्लाहको अपेक्षा गर्दछु ।

**राम प्रसाद पाण्डे**
नि. प्रमुख
कृषि विकास निर्देशनालय

# विषयसूची


| क्र. स. | शिर्षक | पेज संख्या |
|---|---|---|
| **खण्ड १<br>परिचयात्मक विवरण** | | |
| १.१ | पृष्ठभुमि | १ |
| १.२ | अध्ययनको औचित्य | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४. | अध्ययनको कार्यक्षेत्र | ३ |
| १.५. | अध्ययनको अपेक्षित उपलब्धीहरु | ३ |
| **खण्ड- २** | | |
| २.१ | अध्ययनको बिधि | ४ |
| २.२ | सन्दर्भ सामाग्रिको अध्ययन | ४ |
| २.३ | स्थलगत सर्भेक्षण | ५ |
| २.३.१ | अध्ययन क्षेत्र र बजारको छनौट | ५ |
| २.३.२ | सूचनादाता छनौट | ६ |
| २.३.३ | तथ्याङ्क संकलन विधि | ६ |
| २.४ | लक्षित समूह छलफल (Focus Group Discussion) | ६ |
| २.५ | मूख्य जानकार ब्यक्ति अन्तरवार्ता (Key Informant Interviews) | ६ |
| २.६ | तथ्याङ्क प्रविष्टि र प्रशोधन तथा विश्लेषण कार्य | ७ |
| **खण्ड ३<br>नतिजा तथा छलफल** | | |
| ३.१ | बजारिकरणमा सहभागी उत्तरदाताहरुको सामाजिक तथा आर्थिक विवरण | ८ |
| ३.१.१ | लैंगिक सहभागिता | ८ |
| ३.१.२ | संलग्न सहभागीहरुको उमेर विवरण | ८ |
| ३.१.३ | सर्भेक्षणमा संलग्न सहभागीहरुको शैक्षिक विवरण | ९ |
| ३.१.४ | सर्भेक्षणमा संलग्न सहभागीहरुको पेशागत विवरण | १० |
| ३.१.५ | सर्भेक्षणमा संलग्न सहभागीहरुको तालिम सम्बन्धि विवरण | १० |
| ३.१.६ | संचालित बजारहरुको संस्थागत संरचना | ११ |
| ३.१.७ | संचालित बजारहरुको किसिम | १२ |
| ३.१.७.१ | क्षेत्रको आधारमा | १२ |
| ३.१.७.२ | उपजको आधारमा | १२ |
| ३.१.७.२ | कारोबारको आधारमा बजारको किसिम | १३ |
| ३.१.७.२ | पुर्वाधारको आधारमा बजारको किसिम | १४ |
| ३.१.७.२ | समयको आधारमा बजारको किसिम | १५ |

| | | |
|---|---|---|
| ३.२ | कृषि उपज बजारमा उपलब्ध जग्गाको विवरण | १६ |
| ३.३ | कृषि उपज बजारमा उपलब्ध जग्गाको स्वामित्व | १७ |
| ३.४ | कृषि उपज बजारमा ब्यापारी र कृषक वीचको सम्बन्ध | १७ |
| ३.५ | बजार देखि बजार र कृषि ज्ञान केन्द्र सम्मको दुरी | १८ |
| ३.६ | बजार पुर्वाधार निर्माण | १९ |
| ३.७ | कृषि बजारमा भएका पुर्वाधार तथा सुविधाहरुको अवस्था | २० |
| ३.७.१ | बजार सेड | २० |
| ३.७.२ | कम्पाण्ड वाल र सडकको सुविधा | २१ |
| ३.७.३ | ढक र तराजुको सुविधा | २१ |
| ३.७.४ | थोक विक्रीस्थल र किसान विक्री स्थलको सुविधा | २२ |
| ३.७.५ | शौचालय तथा खानेपानीको सुविधा | २३ |
| ३.७.६ | कार्यालय कोठा. कम्प्यूटर तथा सूचना संचार सुविधा | २३ |
| ३.७.७ | भण्डारण कोठा र शित भण्डार/कोल्ड च्याम्बरको सुविधा | २४ |
| ३.७.८ | ढुवानी साधनको सुविधा | २५ |
| ३.७.९ | सूचना वोर्डको सुविधा | २६ |
| ३.७.१० | बजार संचालन विधि | २७ |
| ३.८ | बजारमा विषय विज्ञ तथा कर्मचारी व्यवस्थापन प्रक्रिया | २८ |
| ३.९ | संचालित बजारहरुमा मुल्य निर्धारण प्रक्रिया | २८ |
| ३.१० | संचालित बजारहरुमा कारोबारको अभिलेखिकरण अवस्था | २९ |
| ३.११ | अनुदान सहयोगको किसिम | २९ |
| ३.१२ | अनुदान प्राप्त बजारहरुमा अनुदानको सान्दर्भिकता र प्रभावकारीता | ३० |
| ३.१३ | प्रदेश सरकारबाट अनुदान पाएका बजारको अवस्था | ३१ |
| ३.१४ | बजार सञ्चालनमा देखिएका समस्याहरु | ३१ |
| ३.१५ | छनौट भएका बजारहरुमा प्रदेश सरकारबाट भएको सहयोगको अवस्था | ३३ |
| ३.१६ | छनौट भएका बजारहरुमा कृषि उपजहरुको मासिक कारोबारको अवस्था | ३८ |
| **खण्ड ४<br>निष्कर्ष एवं सुझाव** | | |
| ४.१ | निष्कर्ष | ४३ |
| ४.२ | सुझावहरु | ४६ |

## तालिकाहरु


| तालिका नं. | शिर्षक | पृष्ठ सख्या |
|---|---|---|
| तालिका नं. १ | सर्भेक्षणमा संलग्न सहभागीहरुको उमेर सम्बन्धी विवरण | ९ |
| तालिका नं. २ | संचालित बजारहरुको संस्थागत संरचना | १२ |
| तालिका नं. ३ | पुर्वाधारको आधारमा बजारको किसिम | १५ |
| तालिका नं. ४ | समयको आधारमा संचालन भएका बजारहरुको किसिम | १५ |
| तालिका नं. ५ | कृषि उपज बजारमा उपलब्ध जग्गाको स्वामित्व विवरण | १५ |
| तालिका नं. ६ | एक बजार देखि अर्को बजार सम्मको दुरी र कृषि ज्ञान केन्द्र सम्मको दुरी | १९ |
| तालिका नं. ७ | कम्पाउण्ड वाल र सडकको सुविधा भएका बजारहरुको विवरण | २१ |
| तालिका नं. ८ | संचालित कृषि उपज बजारमा ढक/ तराजुको सुविधा सम्बन्धि विवरण | २२ |
| तालिका नं. ९ | थोक विक्रि स्थल र किसान विक्रि स्थलको सुविधा सम्बन्धि विवरण | २२ |
| तालिका नं. १० | शौचाल तथा खानेपानी सम्बन्धि विवरण | २३ |
| तालिका नं. ११ | भण्डारण कोठा र शित भण्डारण/कोल्ड च्याम्बरको विवरण | २५ |
| तालिका नं. १२ | सूचना वोर्ड सुविधा सम्बन्धि विवरण | २७ |
| तालिका नं. १३ | बजारमा विषय विज्ञ तथा कर्मचारी व्यवस्थापन सम्बन्धि विवरण | २८ |
| तालिका नं. १४ | बजारहरुले प्राप्त गरेको अनुदानको किसिम | ३० |
| तालिका नं. १५ | अनुदानको सान्दर्भिकता र प्रभावकारिता सन्दर्भमा उत्तरताहरुको प्रतिक्रिया | ३० |
| तलिका नं. १६ | प्रदेश सरकारबाट अनुदानमा सञ्चालित बजारहरुको बर्तमान अवस्था | ३१ |
| तालिका नं. १८ | अध्ययन क्षेत्रका बजारहरु सञ्चालनमा देखिएका समस्या समाधानका लागि प्राप्त सुझावहरु | ३३ |
| तालिका नं. १९ | छनौट भएका बजारहरुमा प्रदेश सरकारबाट भएको सहयोगको अवस्था | ३५ |
| तालिका नं. २० | अध्ययनका लागि छनौट भएका बजारहरुमा कारोबार हुने मुख्य मुख्य कृषि उपजहरुको विवरण | ३८ |
| तालिका नं. २१ | छनौट भएका बजारहरुमा मासिक औषत कारोबार हुने कृषि उपजहरुको अनुमानित विवरण | ३९ |

## चित्रसूची


| चित्र नं. | शिर्षक | पृष्ठ सख्या |
|---|---|---|
| चित्र नं. १ | अध्ययन क्षेत्र र बजारको छनोट | ५ |
| चित्र नं. २ | सर्वेक्षणमा संलग्न सहभागीहरुको लैङ्गिक विवरण | ८ |
| चित्र नं. ३ | सर्भेक्षणमा उत्तरदाताहरुको शैक्षिक विवरण | १० |
| चित्र नं. ४ | सर्भेक्षणमा संलग्न सहभागीहरुको बजारिकरण सम्बन्धी तालिम विवरण | ११ |
| चित्र नं. ५ | बजारको किसिम (बजारको आधारमा) | १३ |
| चित्र नं. ६ | कारोबारको आधारमा बजारको किसीम | १४ |
| चित्र नं. ७ | कृषि उपज बजारमा उपलब्ध जग्गाको विवरण | १६ |
| चित्र नं. ८ | कृषि उपज बजारमा ब्यापारी र कृषक वीचको सम्बन्ध | १८ |
| चित्र नं. ९ | पुर्वाधार निर्माण सम्बन्धि विवरण | २० |
| चित्र नं. १० | कार्यालय कोठा. कम्प्यूटर तथा सूचना संचार सुविधा | २४ |
| चित्र नं. ११ | ढुवानी साधनको सुविधा सम्बन्धि विवरण | २६ |
| चित्र नं. १२ | बजार संचालन विधि सम्बन्धि विवरण | २७ |
| चित्र नं. १३ | कारोबार भएका कृषि जन्य वस्तुहरुको रेकर्ड अभिलेखिकरण समबन्धी विवरण | २९ |
| चित्र नं. १४ | प्रदेश सरकारबाट भएको सहयोगको अवस्था | ३४ |


## अनुसूचिहरू


| अनूसूचि नं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| अनुसूची :१ | प्रदेश सरकारबाट निर्मित बजार पुर्वाधारहरुको विवरण | ४८ |
| अनुसूची :२ | प्रदेशको आर्थिक अनुदान प्राप्त गरेका अध्ययनको लागि छनौट भएका बजारहरुको विवरण | ५४ |
| अनुसूची :३ | कृषि उपज बजारहरुको केही महत्वपुर्ण फोटाहरु | ५६ |
| अनुसूची : ४ | अन्तरवार्ताको क्रममा बजारका प्रतिनिधिहरुको लागि प्रयोग गरिएको प्रश्नावलीहरु | ६१ |

# खण्ड १
# परिचयात्मक विवरण

## १.१ पृष्ठभुमि

नेपालको समग्र अर्थतन्त्र र अधिकांश जनताको जिविकोपार्जन, आयआर्जन एवं रोजगारीको मूख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले बढ्दो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन वृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात बृद्धि गर्न देशका तिनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एवं विभिन्न सहयोगी निकायहरुको क्रियासिलताले गुणस्तरिय उत्पादनमा वृद्धि हुँदै आएको छ । प्रदेशमा छरिएर रहेका अधिकांश कृषकहरुको उत्पादनलाई एकिकृत गरि उनिहरुलाई सहज बजार पहुँच पुर्याउन र यसमा संलग्न कृषक, ब्यापारी, उपभोक्ता सबै पात्रहरुलाई स्वस्थ प्रतिस्पर्धात्मक रुपमा लाभावन्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले बजार पुर्वाधार निर्माणमा प्रदेश सरकारको लगानी भईरहेको छ ।

बजार योग्य कृषि उपजहरुको बढ्दो उत्पादनलाई दृष्टिगत गरी बजार प्रणालीको उचित विकास हुन नसक्दा हाल कृषि उपजको समुचित व्यवस्थापनमा टड्कारो रुपले समस्या देखिएको छ । यसले गर्दा आम कृषकहरुले उचित लाभ लिन सकेका छैनन् भने उपभोक्ताहरुले पनि सुलभ र सरल रुपले कृषि जन्य वस्तु उपभोग गर्न पाईरहेका छैनन् । यस यथार्थलाई प्रदेश स्तरमा मनन गरी विभिन्न आवधिक योजनाहरुमा सम्बोधन गर्न विभिन्न बजार निर्माण तथा पुर्वाधार विकास मुलक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

कृषि क्षेत्रको समग्र विकासको लागि अबलम्बन गरिएका रणनीति मध्ये कृषि बजारको विकास र विस्तार गर्ने रहेको छ र सो को लागि तय भएको नीति कार्यक्रम अनुसार कृषि वस्तुहरुको व्यवसायिक उत्पादन थलो नजिक संकलन केन्द्र तथा थोक बजार र बाह्य क्षेत्रका बजार संचालन विकास र विस्तार गरिने तथा स्थानीय स्तरमा कृषि सूचनाको पहुँच बढाईने कुरा उल्लेख छ । यसबाट प्रष्ट हुन्छ कि दिगो रुपले कृषि बजार विकास हुनु समग्र कृषि विकासको लागि अति आवश्यक मानिएको छ ।

नेपाल संघियतामा प्रवेश गरे लगतै संघ, प्रदेश र स्थानिय सरकारहरुले कृषि उपज बजारको प्रभावकारी सञ्चालनको लागि विभिन्न किसिमका कार्यक्रम तथा अयोजनाहरु सञ्चालन गर्दै आईरहेका छन् । लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरु भौगोलिक हिसाबले हिमाल देखि पहाड र तराई सम्म फैलिएका छन् । यी जिल्लाहरुमा बिभिन्न किसिमका अन्नबाली, फलफुल, तरकारी, मसलाबाली र पशुको उत्पादन हुने गरेको छ । यस क्षेत्रमा विभिन्न प्रकारका साना ठुला कृषि उपज बजारहरु एबं शीत भण्डारण घरहरु सञ्चालन भैरहेका छन् ।

## १.२ अध्ययनको औचित्य

यद्यपि विगतका केही वर्ष देखि राज्यको तर्फबाट कृषि क्षेत्रले प्राथमिकता पाउँदै आएको छ । यसो हुँदा हुँदै पनि साना र सिमान्तकृत कृषकहरुले यसबाट पुर्ण रुपमा लाभ पाउन सकिरहेको अवस्था देखिँदैन । यसर्थ यस प्रदेशमा बाजरीकरण प्रक्रिया कसरी संचालन भईरहेको छ, कृषि उपज बजारीकरण कति प्रभावकारी भएको छ, मुख्य समस्याहरु के के छन भन्ने विषयमा अध्ययन गर्न जरुरी रहेको देखिन्छ । लुम्बिनी प्रदेशमा साविकको भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र हालको कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट आ.व. ०७५/७६ र अन्य आ.व. मा निर्माण सम्पन्न भएका ४३ वटा बजार पुर्वाधार र ७ वटा सहकारी बजार, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट आ.व. ०७७/७८ मा निर्माण सम्पन्न भएका १८ वटा र कृषि विकास निर्देशनालय, बुटवलबाट आ.व. ०७८/७९ मा निर्माण सम्पन्न भएका १३ वटा गरी जम्मा ८१ वटा बजार पुर्वाधार (संकलन केन्द्र, खुद्रा बजार, हाट बजार, सहकारी बजार र थोक बजार) हरुलाई अनुदान प्रदान गरिएको थियो । यसका अलवा प्रदेश अन्तर्गतका बिभिन्न जिल्लाहरुमा प्रदेश, स्थानिय तह र अन्य निकायहरुको लागत सहभागितामा समेत बजार संचालन तथा पुर्वाधार विकासमा सहयोग प्रदान भएको छ । यस किसिमको सहयोग र प्रयासले लुम्बिनी प्रदेशमा कृषि उत्पादन, कृषिको व्यवसायिकरणका साथै कृषिका सम्पूर्ण क्रियाकलापहरुमा सहयोग पुगेको अनुमान छ । तर अनुदान प्राप्त कृषि उपज बजारहरु कति प्रभावकारी रुपमा सञ्चालन भएका छन् र बजार संचालनको लागी अपनाईएका विभिन्न प्रक्रिया र बिधिहरु मध्ये कुन सञ्चालन प्रक्रिया वा विधि वढी प्रभावकारी र दीगो हुन सक्छ भन्ने अध्ययन गर्नु पर्ने आवश्यकता महसुस भै यस अध्ययन लाई अगाडी बढाईएको हो ।

## १.३ अध्ययनको उद्देश्य

अध्ययनको प्रमुख उद्देश्य प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका कृषि उपज बजारहरुको बर्तमान अबस्था, समस्या तथा चुनौतीहरुको विश्लेषण गर्ने र यस्ता बजारहरुको दिगो र प्रभाबकारी संचालनको लागी नीतिगत सुझाव तथा कार्यान्वयन गर्न सहयोग पुर्याउने रहेको छ ।

**बिशिष्ट उद्देश्यहरु**

- प्रदेश सरकारबाट निर्माण भएका कृषि बजारको विवरण तयार गर्ने।
- संचालित कृषि उपज बजारहरुको संचालन प्रक्रिया के कस्तो छ भन्ने जानकारी संकलन गर्ने ।
- संचालित कृषि उपज बजारहरुको भौतिक अवस्था तथा कार्य सम्पादन कस्तो छ भन्ने मूल्याङ्कन गर्ने ।
- कृषि उपज बजारहरुको संचालनमा देखा परेका मुख्य मुख्य समस्याहरु पहिचान गरी समाधानको प्रयास गर्ने ।
- संचालित कृषि बजारले मासीक र वार्षिक रुपमा गर्ने कारोबारको स्थिति (बालीवस्तुको परिमाण, कारोवार रकम र बालीवस्तु उत्पादन क्षेत्र आदि) सम्बन्धी जानकारी लिने।

## १.४. अध्ययनको कार्यक्षेत्र

यस अध्ययनको लागि प्रदेश सरकारको प्रत्यक्ष अनुदान र विभिन्न समूह/सहकारी/समितिहरुको लागत साझेदारीमा प्रदेश भित्र निर्मित वा सुधार गरिएका विभिन्न किसिमका कृषि उपज बजारहरुलाई मुख्य कार्यक्षेत्रको रुपमा छनौट गरिएको थियो ।

## १.५. अध्ययनको अपेक्षित उपलब्धीहरु

प्रदेश सरकार र विभिन्न समूह/सहकारी/समितिहरुको लागत साझेदारीमा निर्मित कृषि बजार संचालन तथा व्यवस्थापन प्रक्रिया एबं बजार संचालनका समस्याहरुको अध्ययन भई सिफारिस हुने सम्भावित सामाधानका उपायहरुले प्रदेश सरकारलाई नीति निर्माण तथा योजना तर्जुमाको लागि सहयोगी हुने।

# खण्ड- २

## २.१ अध्ययनको बिधि

लुम्बिनी प्रदेश भित्र प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका कृषि उपज बजारहरुको बिभिन्न पक्षहरु अध्ययन गर्न सन्दर्भ सामाग्रीको अध्ययन, सर्बेक्षण, द्बितिय तथ्याङ्कको बिश्लेषण, लक्षित समूह छलफल, मूख्य जानकार ब्यक्ति अन्तरवार्ता जस्ता अनुसन्धान बिधिहरुको प्रयोग गरीएको थियो । प्रतिबेदनको यस खण्डमा अध्ययनका विधि र प्रकृयाहरुको बिस्तृत बिवरण पेश गरीएको छ ।

## २.२ सन्दर्भ सामाग्रिको अध्ययन

यस अध्ययनको क्रममा देहाय बमोजिमका प्रकाशीत विभिन्न सामग्रीहरुको अध्ययन तथा समीक्षा गरिएको थियो।

- मन्त्रालय, निर्देशनालय र कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट प्रकाशित बार्षिक उपलब्धिका प्रतिबेदनहरु

प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय र कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट बार्षिक पुस्तिका र सन्दर्भका सर्तहरुको अध्ययनबाट प्रदेश सरकारको अनुदानबाट निर्माण भएका बजारहरुको बर्तमान अबस्थाबारे जानकारी हांसिल गरीएको थियो । सम्बन्धीत जिल्लाका कृषि ज्ञानकेन्द्रका प्रगती प्रतिबेदनहरुको अध्ययनबाट सो जिल्लामा रहेका कृषि एबं पशुपालनका प्रमुख क्षेत्रहरु, कार्यालयको कृषि उत्पादन र बजारीकरण सम्बन्धी कार्यक्रम र प्राथमिकताहरु लगाएत अध्ययनसंग सम्बन्धीत आबश्यक अन्य तथ्याङ्कहरु संकलन गरीएको थियो ।कृषिजन्य उपजहरुको राष्ट्रिय र जिल्लास्तरका उत्पादन र बजारीकरण सम्बन्धि द्बितिय तथ्याङ्कहरु कृषि तथा पशुपंक्षि बिकास मन्त्रालयबाट प्रकाशित Statistical Information on Nepalese Agriculture बाट पनि संकलन गरीएको थियो ।

## २.३ स्थलगत सर्भेक्षण

## २.३.१ अध्ययन क्षेत्र र बजारको छनौट

यस अध्यनको लागि लुम्बिनी प्रदेशको १२ वटै जिल्लाहरुबाट छनौट गरिएको थियो भने उक्त जिल्लाका २९ वटा उपमहानगरपालिका/ नगरपालिका/ गाँउपालिकाहरु छनौटमा परेका थिए ।अध्ययन क्षेत्र छनौट गर्दा प्रदेश सरकारबाट अनुदान प्राप्त बजारहरुको संख्या पहाडको जिल्लाहरुमा भन्दा तराईका जिल्लाहरुमा धेरै संख्यामा भएको हुँदा ३७ प्रतिशत बजार छनौट पहाडि जिल्लाहरुबाट गरिएको थियो भने ६३ प्रतिशत तराईका जिल्लाहरुबाट भएको थियो । प्रदेश सरकार अन्तर्गत मन्त्रालय, कृषि विकास निर्देशनालय र कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट साझेदारीमा निर्माण तथा संचालन गरिएका ३६ वटा र यि निकायहरुको सहयोग बाहेक १ वटा गरी जम्मा ३७ वटा कृषि उपज बजारहरु उद्धेस्यमुलक तरिकाबाट संचालनमा छन वा छैनन् र के कस्तो अवस्थामा छन् सो सम्बन्धी अध्ययनको लागि अध्ययन क्षेर र बजारहरुको छनौट गरिएको थियो । छनौट गरिएका ती ३७ वटा बजारहरु मध्ये ३६ वटा प्रदेश सरकारको अनुदान सहयोग प्राप्त गरेका हुन् भने १ वटा अन्य निकायको सहयोगमा संचालन भएका हुन्। प्रदेशबाट अनुदान प्राप्त गरेका र अध्ययनको लागी छनौट भएका बजारहरुको बिबरण अनुसूची २ मा प्रस्तुत गरीएको छ ।




**चित्र नं। १, अध्ययन क्षेत्र र बजारको छनोट**

### २.३.२ सूचनादाता छनौट

अध्ययनको क्रममा छनौट भएका कृषि उपज बजारहरुको समितिमा पदाधिकार रहेका अध्यक्ष, सचिव, कोषाध्यक्ष वा बजार निर्माणको समयमा रहेका सम्पर्क व्यक्ति मध्येबाट एक एक जना सुचनादाता छानिएको थियो भने अन्य कृषि उपज बजारहरुको हकमा बजार संचालक वा व्यवस्थापकलाई छनौट गरिएको थियो ।

### २.३.३ तथ्याङ्क संकलन विधि

सर्वेक्षण विधि प्रयोग गरी यस अध्ययनमा कृषि उपज बजार सञ्चालनको अवस्थाबारे विश्लेषण गर्न गुणात्मक र परिमाणात्मक दुबैथरिका तथ्यांकहरु संकलन गरिएको थियो । अध्ययनमा प्राथमिक र द्धितिय दुबै खाले तथ्यांकहरु प्रयोग भएका थिए । प्राथमिक सूचनाहरु संकलनका लागि प्रश्नावलीको प्रयोग गरी प्रत्यक्ष अन्तवरवार्ता (Face-to-face Interview) बिधि प्रयोग गरिएको थियो । यस लुम्बिनी प्रदेशका १२ जिल्लाका ३७ वटा कृषि उपज संकलन केन्द्र तथा हाटबजारका सञ्चालकहरु, ब्यापारीहरु लगायत कृषि सहकारी र समुहका प्रतिनिधिहरुसंग प्रश्नावली प्रयोग गरी अन्तर्वाता बिधिबाट तथ्यांकहरु संकलन गरिएको थियो ।

## २.४ लक्षित समूह छलफल (Focus Group Discussion)

तथ्यांक संकलनको क्रममा पहिलो चरणमा अध्ययन स्थलमा नै गएर बजार संचालकहरु संग अध्ययनको उद्देश्यको बारेमा जानकारी गराईएको थियो । त्यसपश्चात सर्भेक्षणका लागि तयार गरिएका पश्नावली मार्फत बजारमा देखिएका प्रमुख समस्या तथा समाधानका उपायहरु, बजारबाट सेवा पुग्ने क्षेत्रहरु, भौतिक पुर्वाधार, बजारबाट हुने कारोबार परिमाण, मुल्य निर्धारण प्रक्रिया लगायत प्रश्नावली अनुसार बजार संग सम्बन्धित विभिन्न विषयमा जानकारी लिईएको थियो । यसका अलवा छलफलमा अनुदानको औचित्य एबं प्रभाबकारिता बारेमा समेत जानकारी लिईएको थियो ।

## २.५ मूख्य जानकार ब्यक्ति अन्तरवार्ता (Key Informant Interviews)

अध्ययनलाई थप प्रभावकारी बनाउन र सर्बेक्षणबाट प्राप्त तथ्याङ्कहरुलाई पुष्टी गर्नको लागि जिल्लामा रहेका कृषि ज्ञान केन्द्र, स्थानिय सरकारका प्रतिनिधिहरु, बजारका पदाधिकारीहरु र ब्यबसायीक किसानहरुलाई मूख्य जानकार ब्यक्तिको रुपमा लिई अन्तर्वार्ता मार्फत जानकारी लिईएको थियो । अन्तर्वार्ताबाट बजारको अवस्था, संचालन बिधि र प्रभाबकारीता बारे जानकारी लिनुका साथै जिल्लाभित्र कृषि उपजहरुको पकेट, ब्यबसायीक कृषि उत्पादन र बजार संचालनका समस्या, अनुदानको प्रभाबकारीता र भाबि रणनितिका बारेमा जानकारी एबं सुझावहरु संकलन गरीएको थियो ।

## २.६ तथ्याङ्क प्रविष्टि र प्रशोधन तथा विश्लेषण कार्य

स्थलगत सर्वेक्षणबाट प्राप्त विभिन्न प्राथमिक तथ्यांक एवं द्धितिय तथ्यांकहरुको संकलन पश्चात प्राप्त तथ्यांकहरुलाई Microsoft Excel Program को प्रयोगबाट तथ्यांक प्रविष्टि, प्रशोधन तथा विश्लेषण गरिएको थियो । तथ्यांक विश्लेषणको लागि विशेषगरी वर्णात्मक विधिको प्रयोग गरिएको थियो भने विश्लेषणबाट प्राप्त नतिजाहरुलाई तालिका एवं विभिन्न चित्रहरुको माध्यमबाट प्रस्तुत गरिएको थियो ।

# खण्ड ३
# नतिजा तथा छलफल

## ३.१ बजारिकरणमा सहभागी उत्तरदाताहरुको सामाजिक तथा आर्थिक विवरण

### ३.१.१ लैंगिक सहभागिता

अध्ययन छनौमा परेका ३७ वटा कृषि उपज बजारहरुमा ३७ जना उत्तरदाताहरु मध्ये १६ प्रतिशत महिलाहरु र ८४ प्रतिशत पुरुषहरु सहभागी भएको पाईयो । यसबाट अन्य कार्यक्रमहरु भन्दा कृषि उपज बजारीकरणमा पुरुषहरुको उल्लेख्य सहभागीता रहेको पाईयो भने महिलाहरुको सहभागीता न्यून रहेको पाईयो ।




चित्र नं. २ सर्वेक्षणमा संलग्न सहभागीहरुको लैङ्गिक विवरण

### ३.१.२ संलग्न सहभागीहरुको उमेर विवरण

कृषि उपज बजारहरुमा सहभागी उत्तरदाताहरुको उमेर समूहमा २१ देखि ४० वर्ष र ४१ देखि ६० वर्ष उमेर समूहका उत्तरदाताहरुको उल्लेख्य सहभागीता रहेको पाईयो भने ६१ वर्ष भन्दा माथि उमेर समूहका व्यक्तिहरु सबैभन्दा कम भएको पाईयो ।

तालिका नं. १, सर्भेक्षणमा संलग्न सहभागीहरुको उमेर सम्बन्धी विवरण

| उमेर समुह (वर्ष) | सहभागी संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष सम्म | - | - |
| २१ देखि ४० वर्ष | १० | २७.०३ |
| ४१ देखि ६० वर्ष | १८ | ४८.६५% |
| ६१ वर्ष माथि | ९ | २४.३२% |

### ३.१.३ सर्भेक्षणमा संलग्न सहभागीहरुको शैक्षिक विवरण

कृषि उपज बजारीकरणमा संलग्न सहभागीहरुको अध्ययन लाई हेर्दा क्याम्पस तहको अध्ययन गरेका ३ जना (८.११ प्रतिशत), माध्यमिक तह (९ देखि १२ कक्षा) सम्म अध्ययन गरेका १५ जना (४०.५४ प्रतिशत), प्राथमिक तह (१ देखि ८ कक्षा) सम्म अध्ययन गरेका १७ जना (४५.९५ प्रतिशत) र साधारण लेखपढ गर्न जानेका २ जना (५.४१ प्रतिशत) रहेको पाईयो । यस अनुसार साक्षर र प्राथमिक तह सम्मको अध्ययन गरेका उत्तर दाताहरुको संख्या बढी रहेकोले कृषि उपज बजारीकरणमा प्रभावकारिता नबढ्नुमा सहभागिहरुको शिक्षा वा शैक्षिक अवस्था पनि एक महत्वपुर्ण क्षेत्र रहेको अवस्थालाई जनाउँदछ । कृषि उपज बजारीकरणमा भएका शर्तहरु, कृषि उपजको मूल्य श्रृखला, सूचना प्रणाली, बजारीकरण चक्र, उत्पादन तथा बजार लागतको लेखाजोखा लगायतका विविध पक्षहरु अध्ययन गर्ने र कार्यान्वयनमा लैजान समेत शिक्षाको महत्व हुने देखिन्छ ।




चित्र नं. ३ सर्भेक्षणमा उत्तरदाताहरुको शैक्षिक विवरण

### ३.१.४ सर्भेक्षणमा संलग्न सहभागीहरुको पेशागत विवरण

कृषि उपज बजारिकरणमा सहभागी भएका बजार संचालन गर्ने पदाधिकारीहरुको सर्वेक्षण गर्दा ३३ जना बजार संचालन गर्ने उत्तरदाताहरुको मुख्य पेशा कृषि नै रहेको पाईयो । कृषि पेशाको अलावा अन्य सहायक पेशामा पनि सहभागी भएको पाइयो ।अन्य सहायक पेशा मध्ये ३ जना व्यापार/व्यवसायमा पनि संलग्न रहेको र १ जना अन्य जागिर समेत गर्ने गरेको पाइयो । कृषि पेशामा आवद्ध भएका कृषकहरु क्रमश सहायक पेशामा परिवारको संलग्नता बढाउने र आफु पनि पुर्ण रुपमा कृषिमा लाग्न प्रेरित गरेको जानकारी पाइयो ।

### ३.१.५ सर्भेक्षणमा संलग्न सहभागीहरुको तालिम सम्बन्धि विवरण

कृषि उपज बजारीकरणमा संलग्न सहभागीहरुले लिएको तालिमको अवस्थालाई अध्ययन गर्दा सर्भेक्षणमा सहभागी ३७ जना सहभागीहरु मध्ये ५ जना (१०.५३ प्रतिशत) ले मात्र तालिम लिएको जानकारी गराएका थिए भने ३२ जना (८९.४७ प्रतिशत) सहभागीहरुले तालिम नलिएको जानकारी पाईएको थियो । यस अनुसार

१०.५३ प्रतिशतले मात्र सामान्य तालिम पाएको अवस्थाले के संकेत गर्दछ भने कृषि उपज बजारीकरणको प्रभावकारिता नबढ्नुमा महत्वपुर्ण कारण मध्ये सहभागिहरुको शिक्षा वा तालिम अवस्था पनि एक महत्वपुर्ण क्षेत्रको रुपमा रहेको अवस्थालाई जनाउँदछ । कृषि उपज बजारीकरणमा भएका शर्तहरु, कृषि उपजको मूल्य श्रृखला, सूचना प्रणाली, बजारीकरण चक्र, उत्पादन तथा बजार लागतको लेखाजोखा लगायतका विविध पक्षहरु अध्ययन गर्ने र कार्यान्वयनमा लैजान समेत विभिन्न आधारभुत तथा विशिष्ट तालिमको महत्व हुने र सामान्य तहको तालिम पनि नलिएका सहभागीहरु धेरै हुँदा कृषि उपज बजारीकरणलाई व्यवस्थित गर्न नसक्नुमा तालिम शिक्षाको असर समेत भएको अवस्था चित्रण गर्दछ । आगामी दिनमा बजार संचालकहरुका लागि कृषि उपज बजारीकरण सम्बन्धी गुणस्तर बढाउने वा संचालन गर्ने प्रक्रिया सम्बन्धी तालिम दिई बजारीकरणको प्रभावकारिता बढाउनु जरुरी रहेको अवस्था देखिन्छ ।




चित्र नं. ४ सर्भेक्षणमा संलग्न सहभागीहरुको बजारिकरण सम्बन्धी तालिम विवरण

### ३.१.६ संचालित बजारहरुको संस्थागत संरचना

प्रदेश सरकारबाट अनुदान सहयोगमा संचालन भएका कृषि उपज बजारहरुलाई संस्थागत संरचनाको आधारमा बर्गिकरण गर्दा समिति अन्तर्गत रहेका संकलन केन्द्र, हाट बजार तथा खुद्रा बजारहरुको संख्या १० वटा (२७.०३ प्रतिशत), सहकारी अन्तर्गत रहेका बजारहरुको संख्या २३ वटा (६२.१६ प्रतिशत), समूह अन्तर्गत रहेका बजारहरुको संख्या ३ वटा (८.११ प्रतिशत) र १ वटा संकलन केन्द्र फर्म अन्तर्गत रहेको पाइयो तर समूह/समिति/सहकारी मार्फत संचालन भएका बजारहरु व्यवस्थित रुपमा संचालन हुन नसक्नुमा प्रदेश स्तरमा बजार सम्बन्धि स्पष्ट निर्देशिकाको अभाव तथा समिति/सहकारीहरुलाई बजारीकरण सम्बन्धी कम जानकारी भएको पाईयो ।

तालिका नं. २, संचालित बजारहरुको संस्थागत संरचना

| संस्थागत संरचना | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| समिति अन्तर्गत | १० | २७.०३% | |
| सहकारी अन्तर्गत | २३ | ६२.१६% | |
| समूह अन्तर्गत | ३ | ८.११% | |
| अन्य (फर्म) अन्तर्गत | १ | २.७०% | |

### ३.१.७ संचालित बजारहरुको किसिम

#### ३.१.७.१ क्षेत्रको आधारमा

स्थानीय तहको सिमाना वा इलाकाभित्र वस्तु वा सेवाको उत्पादन आयात, ढुवानी, सञ्चय, विक्री र सेवा प्रदान गर्न राखिएको विक्रिस्थल, पसल, फर्म, कम्पनी वा अन्य कुनै व्यवसाय रहेको स्थानलाई स्थानीय बजारको रुपमा बर्गिकरण गर्न सकिन्छ । सोही अनुरुप प्रदेश सरकारबाट निर्माण सम्पन्न भई संचालनमा रहेका बजारहरुलाई क्षेत्रको आधारमा बर्गिकरण गर्दा सर्भेक्षणमा रहेका ३७ वटा कृषि उपज बजारहरु सबै स्थानीय बजारहरु रहेको पाईयो ।

### ३.१.७.२ उपजको आधारमा

प्रदेश सरकारबाट निर्माण सम्पन्न भई संचालनमा रहेका बजारहरुलाई उपजको आधारमा बर्गिकरण गर्दा सर्भेक्षणमा रहेका ३७ वटा कृषि उपज बजारहरु मध्ये २३ वटा (६२ प्रतिशत) कृषि उपज बजारहरुमा मिश्रीत बाली वस्तु (तरकारी, फलफूल,




आलु, प्याज, दाल लगायत अन्य वस्तु) हरुको कारोबार भएको पाईयो भने ९ वटा (२४ प्रतिशत) बजारहरुमा फरक फरक बजारमा फरक निश्चित वाली वस्तु (दुध, खाद्यान्न, मासु) हरुको कारोबार भईरहेको र ५ वटा (१४ प्रतिशत) बजार पुर्वाधारहरुमा कुनै वाली वस्तुको खरिद विक्रि सम्बन्धि कारोबार नभएको पाईयो ।

चित्र नं. ५ बजारको किसिम (बजारको आधारमा)

### ३.१.७.२ कारोबारको आधारमा बजारको किसिम

प्रदेश सरकारबाट निर्माण सम्पन्न भई संचालनमा रहेका बजारहरुलाई कारोबारको आधारमा बर्गिकरण गर्दा सर्भेक्षणमा रहेका ३७ वटा कृषि उपज बजारहरु मध्ये ८ वटा (२१.६२ प्रतिशत) कृषि उपज बजारहरुबाट थोक तथा खुद्रा कारोबारको रुपमा कृषि जन्य वाली वस्तुको खरिद विक्रि भएको पाईयो । त्यसैगरी २४ वटा (६४.८६ प्रतिशत) कृषि उपज बजारहरुबाट खुद्रा रुपमा कारोबार हुने गरेको र ५

वटा (१३.५१ प्रतिशत) कृषि उपज बजारहरुमा कृषि जन्य वाली वस्तुको कारोबार नभएको पाईयो । तसर्थ अधिकांश बजारहरु खुद्रा रुपमा कारोबार हुने बजारहरु रहेको पाइएको थियो ।




चित्र नं. ६ कारोबारको आधारमा बजारको किसीम

## ३.१.७.२ पुर्वाधारको आधारमा बजारको किसिम

लुम्बिनी प्रदेश अन्तर्गत प्रदेश सरकारबाट अनुदान प्राप्त ८० वटा बजारहरु मध्ये सहकारी बजार र अन्य बजार गरी ४९ वटा मन्त्रालयको सहयोग, १३ वटा कृषि विकास निर्देशनालय र १८ वटा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रबाट अनुदान सहयोग भएको पाईयो । प्रदेश सरकारबाट कुल अनुदान प्राप्त ८० वटा बजारहरु मध्ये सर्वेक्षणको क्रममा छनौटमा रहेका ३७ वटा बजारहरु मध्ये पुर्वाधारको आधारमा बजारको किसिमलाई बर्गिकरण गर्दा ३ वटा (८.११ प्रतिशत) थोक विक्री केन्द्रको रुपमा विस्तार गर्ने उद्देश्यले पुर्वाधार निर्माण भएको पाईयो भने २ वटा (५.४१ प्रतिशत) खुद्रा बजार, १२ वटा (३२.४३ प्रतिशत) हाट बजार र

२० वटा (५४.०५ प्रतिशत) कृषि उपज संकलन केन्द्रको रुपमा खरिद तथा विक्रि गर्ने बजारहरु रहेको पाईयो ।

तालिका नं. ३, पुर्वाधारको आधारमा बजारको किसिम

| विवरण | बजारहरुको संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| थोक | ३ | ८.११ | |
| खुद्रा बजार | २ | ५.४१ | |
| हाट बजार | १२ | ३२.४३ | |
| कृषि संकलन केन्द्र | २० | ५४.०५ | |
| **जम्मा** | **३७** | **१००.००** | |

### ३.१.७.२ समयको आधारमा बजारको किसिम

सर्वेक्षणको क्रममा छनौटमा रहेका ३७ वटा बजारहरु मध्ये समयको आधारमा संचालनमा रहेका कृषि उपज बजारको किसिमलाई बर्गिकरण गर्दा १८ वटा (४८.६५ प्रतिशत) दैनिक कारोबार हुने गरेको पाईयो । दैनिक कारोबार हुने बजारहरुमा विशेष गरी दुध, मासु, खाद्यान्न तथा तरकारी/फलफूलको कारोबार हुने गरेको पाइयो भने १४ वटा (३७.८४ प्रतिशत) कृषि उपज बजारहरु साप्ताहिक रुपमा संचालन हुने गरेको जसमा विशेष गरी हाटबजारहरु रहेका छन भने ५ वटा (१३.५१ प्रतिशत) बजारहरुको संरचना निर्माण भएको तर संचालनमा नरहेको पाईयो ।

तालिका नं. ४, समयको आधारमा संचालन भएका बजारहरुको किसिम

| समयको आधारमा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| दैनिक | १८ | ४८.६५% | |
| साप्ताहिक | १४ | ३७.८४% | |
| संचालन नभएका | ५ | १३.५१% | |
| **जम्मा** | **३७** | **१००.००** | |

## ३.२ कृषि उपज बजारमा उपलब्ध जग्गाको विवरण

कृषि उपज बजार केन्द्रमा प्राथमिकता प्राप्त पुर्वाधारहरु (कम्पाउण्ड वाल, एप्रोच रोड, शौचालय, कार्यालय, सूचना केन्द्र, स्टोर गोदाम, खानेपानी आदी) निर्माणको लागि आवश्यक न्यूनतम क्षेत्रफलको मापदण्ड अनुसार संकलन केन्द्र निर्माणको लागि तराईमा ३ कठ्ठा र पहाडमा १.५ कठ्ठा, खुद्रा बजार निर्माणको लागि तराईमा २ कठ्ठा र पहाडमा १.५ कठ्ठा, हाट बजारको लागि तराईमा ७ कठ्ठा र पहाडमा ४ कठ्ठा र थोक बजार निर्माणको लागि तराईमा ३० कठ्ठा र पहाडमा २० कठ्ठा जग्गाको क्षेत्रफल आवश्यक पर्नेमा सर्वेक्षणको क्रममा छनौटमा रहेका ३७ वटा बजारहरुमा उपलब्ध जग्गाको विवरणलाई हेर्दा औसतमा प्रति बजार उपलब्ध जग्गाको क्षेत्रफल ७.९२ कठ्ठा, संरचना निर्माण भएको प्रति बजार औसत क्षेत्रफल ३.४१ कठ्ठा र संरचना निर्माण नभई खुला रहेको औसत क्षेत्रफल ४.५२ कठ्ठा रहेको पाईयो । निर्माण भएका अधिकांश बजारहरु संकलन केन्द्र र हाट बजारहरु भएको र उक्त बजारहरुलाई आवश्यक जग्गाको क्षेत्रफलको अनुपातमा प्रति बजार उपलब्ध जग्गाको क्षेत्रफल पुग्ने देखिन्छ ।




चित्र नं. ७ कृषि उपज बजारमा उपलब्ध जग्गाको विवरण

## ३.३ कृषि उपज बजारमा उपलब्ध जग्गाको स्वामित्व

सर्भेक्षणको क्रममा छनौट भएका बजारहरुमा उपलब्ध जग्गाको स्वामित्वको अवस्थाको बारेमा अध्ययन गरिएको थियो । उक्त अध्ययनमा आफ्नै स्वामित्व भइ बजार सचालन भएका बजारहरुको संख्या १० वटा (२७.०३ प्रतिशत) रहेको पाइयो भने जग्गा भाडामा लिई संचालन गर्ने बजारहरुमा नीजि जग्गा भाडामा लिई संरचना निर्माण भएका बजारहरुको संख्या ११ वटा (२९.७३ प्रतिशत) र सरकारी जग्गालाई भाडामा लिई बजार संरचना निर्माण गरी संचालन गर्ने बजारहरुको संख्या १६ वटा (४३.२४ प्रतिशत) रहेको पाईयो ।

तालिका नं. ५, कृषि उपज बजारमा उपलब्ध जग्गाको स्वामित्व विवरण

| जग्गाको स्वामित्व | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| आफ्नै स्वामित्व | १० | २७.०३% | |
| नीजि जग्गा (भाडामा) | ११ | २९.७३% | |
| सरकारी जग्गा (भाडामा) | १६ | ४३.२४% | |
| **जम्मा** | **३७** | **१००.००** | |

## ३.४ कृषि उपज बजारमा ब्यापारी र कृषक वीचको सम्बन्ध

कृषक र ब्यापारी वीचको समन्वय विना बजार संचालन गर्न कठिनाई हुने देखिन्छ तर हरेक ठाउँहरुबाट कृषकहरुले उत्पादन गरेको कृषि जन्य उत्पादित वस्तुको मूल्य बजारिकरणका विभिन्न चक्रहरु पार गर्दै उपभोक्ता सम्म पुग्दा उत्पादन थलोमा पाउने मूल्य भन्दा धेरैको फरक पर्ने हुंदा कृषकहरुमा विचौलियाको कारण उत्पादित वस्तुको मूल्य नपाएको गुनासाहरु आइरहँदा सर्भेक्षणको क्रममा छनौटमा रहेका ३७ वटा बजारहरुमा कृषि जन्य उत्पादित वस्तुको खरिद तथा विक्रि गर्दा कृषक र ब्यापारी वीच हुने समन्वयको बारेमा अध्ययन गरिएको थियो । उक्त अध्ययनमा २६ जना (७०.२७ प्रतिशत) सहभागीहरुबाट कृषक र ब्यापारी वीचको सम्बन्ध राम्रो हुने गरेको जानकारी पाईयो । त्यसैगरी १० जना (२७.०३ प्रतिशत) सहभागीहरुबाट सामान्य र १ जना सहभागीबाट कृषक र ब्यापारी वीचको सम्बन्ध कम हुने जानकारी भएको थियो ।




चित्र नं. ८ कृषि उपज बजारमा ब्यापारी र कृषक वीचको सम्बन्ध

### ३.५ बजार देखि बजार र कृषि ज्ञान केन्द्र सम्मको दुरी

कृषि उपज बजार केन्द्रको स्थापना तथा संचालन सोही ठाउँको जनसंख्या र उत्पादन वस्तुको परिमाण र खपतको आधारमा हुने हुँदा एक बजार देखि अर्को बजार केन्द्रहरुको स्थापना कतिको दुरिमा गरिएको छ भनी तथ्यांक विवरण संकलन गरिएको थियो । उक्त अध्ययनमा १ देखि ५ कि.मि. सम्मको दुरीमा १३ वटा (३५.१४ प्रतिशत), ६ देखि १० कि.मि. सम्मको दुरीमा १६ वटा (४३.२४ प्रतिशत), ११ कि.मि. भन्दा बढीको दुरिमा ८ वटा (२१.६२ प्रतिशत) रहेको पाईयो । त्यसैगरी कृषि उपज बजार केन्द्रहरु कृषि ज्ञान केन्द्र देखी के कति दुरीमा स्थापना भएका रहेछन र बजार व्यवस्थापन सम्बन्धि आवश्यक जानकारी एंव प्राविधक सेवाका लागि के कति बजार केन्द्रका संचालकहरु कृषि ज्ञान केन्द्र संगको नियमित सम्पर्कमा जोडिन सहज देखिन्छ भन्ने उद्देश्यले कृषि उपज बजार स्थल देखि कृषि ज्ञान केन्द्र सम्मको दुरिको अवस्थाको बारेमा सर्भेक्षण गरिएको थियो । सो सन्दर्भमा १ देखि ५ कि.मि. सम्मको दुरीमा रहेका कृषि उपज बजार केन्द्रहरु ९ वटा (२४.३२ प्रतिशत), ६ देखि

१० कि.मि. सम्मको दुरीमा ५ वटा (१३.५१ प्रतिशत), ११ देखि १५ कि.मि. सम्मको दुरीमा ११ वटा (२९.७३ प्रतिशत) र १६ कि.मि. भन्दा टाढाको दुरीमा १२ वटा (३२.४३ प्रतिशत) रहेको पाईयो । उक्त अध्ययन अनुसार सबैभन्दा धेरै बजारहरु १६ कि.मि. भन्दा टाढाको दुरीमा रहेको पाईयो । यसरी बजार स्थल देखि कृषि ज्ञान केन्द्र सम्मको दुरीलाई पनि नियमित बजारीकरण सम्बन्धि आवश्यक जानकारी लिन नसक्नुको कारणको रुपमा लिन सकिन्छ । तसर्थ कृषि ज्ञान केन्द्र सम्मको पहँचुमा नजोडिएका बजारहरुलाई पनि बजारमुखी उत्पादन तथा खरिद विक्रीको कारोबारलाई व्यवस्थित गर्ने, कारोबारको दैनिक रेकर्ड सिष्टम नियमित राख्ने साथै बजार सूचना प्रणालीको बारेमा कृषक र ब्यापारी दुवैलाई सचेतना हुने खालका कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिन्छ ।

तालिका नं. ६, एक बजार देखि अर्को बजार सम्मको दुरी र कृषि ज्ञान केन्द्र सम्मको दुरी

| नजिकको हाट बजार/संकलन केन्द्रको दुरी | | | बजार स्थल देखि कृषि ज्ञान केन्द्र सम्मको दुरी | | | |
|---|---|---|---|---|---|---|
| दुरी कि.मी. | उत्तरदाता संख्या | प्रतिशत | दुरी कि.मी. | उत्तरदाता संख्या | प्रतिशत | कैफियत |
| १ देखि ५ कि.मि. | १३ | ३५.१४% | १ देखि ५ कि.मि. | ९ | २४.३२% | |
| ६ देखि १० कि.मि. | १६ | ४३.२४% | ६ देखि १० कि.मि. | ५ | १३.५१% | |
| ११ कि.मि. माथी | ८ | २१.६२% | ११ देखि १५ कि.मि. | ११ | २९.७३% | |
| **जम्मा** | **३७** | **१००.००** | १६ कि.मि. देखि माथि | १२ | ३२.४३% | |
| | | | **जम्मा** | ३७ | १००.०० | |

## ३.६ बजार पुर्वाधार निर्माण

सर्भेक्षणको क्रममा छनोट भएका ३७ वटा बजारहरु मध्ये प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका ३६ वटा कृषि उपज बजार केन्द्रहरु मध्ये नयाँ बजार स्थापना

गरी पुर्वाधार निर्माण गरेका बजारहरुको संख्या २८ वटा (७८ प्रतिशत) र पुरानो भइरहेकोमा थप पुर्वाधार विस्तार गर्ने बजारहरुको संख्या ८ वटा (२२ प्रतिशत) रहेको पाईयो । लुम्बिनी प्रदेशमा विभिन्न संघ, प्रदेश र स्थानीय सरकारबाट बजार पुर्वाधार निर्माणमा उल्लेख्य सहयोग भईरहेको तर कृषि उपज बजारहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागी स्थानीय तथा प्रदेश स्तरमा स्पष्ट बजार निर्देशिका नहुनु साथै कृषक तथा ब्यापारीहरुलाई प्रर्याप्त बजारीकरण सम्बन्धि सचेतना मूलक कार्यक्रमहरुको कमी हुनुले पनि बजार संचालनमा समस्या रहेको सहभागीहरुबाट जानकारी भएको थियो ।




चित्र नं. ९ पुर्वाधार निर्माण सम्बन्धि विवरण

## ३.७ कृषि बजारमा भएका पुर्वाधार तथा सुविधाहरुको अवस्था

### ३.७.१ बजार सेड

प्रदेश सरकारबाट बजार पुर्वाधारमा भएको अनुदान सहयोगमा सबै ३६ वटा कृषि उपज बजार केन्द्रहरुमा बजार सेडहरुको निर्माण भएको पाइयो । बजारको किसिम र आवश्यकता अनुसार कृषि उपज संकलन केन्द, हाटबजारहरुमा स्टल सहितको पक्की सेड तथा ठुलो परिमाणमा कारोबार गर्ने स्थानहरुमा व्यवस्थित सटर

सहितका थोक तथा खुद्रा विक्रि स्थल, कार्यालय कोठा, भण्डारण कोठा सहितको संरचना निर्माण भएको पाईयो ।

## ३.७.२ कम्पाण्ड वाल र सडकको सुविधा

कृषि बजारको पुर्वाधार विकासमा संरचना निर्माण संगै बजारको सुरक्षाका लागि बजार क्षेत्रको घेराबार (कम्पाउण्ड वाल) वा तारवार र नियमित कृषि जन्य वस्तुहरुको ढुवानीका लागि सडक निर्माण कार्य पनि संग संगै जोडिने हुन्छ । तसर्थ स्थापना भएका कृषि उपज बजार केन्द्रहरुमा पुर्वाधार तथा सुविधाहरुको सर्भेक्षण गर्दा कम्पाउण्ड वाल वा तारबार भएका बजारहरुको संख्या ९ वटा (२४.३२ प्रतिशत) र कम्पाउण्ड वाल निर्माण नभएका बजारहरुको संख्या २८ वटा (७५.६८ प्रतिशत) रहेको पाईयो । त्यसैगरी सडकको पुहँच भएका बजारहरुको अध्ययन गर्दा सर्भेक्षणमा छनोट भएका सबै ३७ वटै बजारहरुमा सडकको सुविधा पुगेको पाईयो ।

तालिका नं. ७, कम्पाउण्ड वाल र सडकको सुविधा भएका बजारहरुको विवरण

| कम्पाउण्ड वाल | | | सडकको सुविधा | | | |
|---|---|---|---|---|---|---|
| कम्पाउण्ड वाल | निर्माण भएको संख्या | प्रतिशत | सडकको पहुँच | सडकको सुविधा पुगेका संख्या | प्रतिशत | कैफियत |
| भएको | ९ | २४.३२ | भएको | ३७ | १००.० | |
| नभएको | २८ | ७५.६८ | नभएको | - | - | |
| जम्मा | ३७ | १००.० | जम्मा | ३७ | १००.० | |

## ३.७.३ ढक र तराजुको सुविधा

कृषि उपज बजार केन्द्रहरुमा सामान्य तया कम तौल के.जी का ढक तराजुहरुको प्रयोग हुने र कारोबारको परिमाण अनुसार धेरै तौल के.जी. का ढक तराजुको अभावमा कृषि जन्य उत्पादित वस्तुहरुको नाप तौलका लागि धेरै समय खर्चिनु पर्ने हुँदा बजारका लागि आवश्यक पुर्वाधार तथा सुविधाहरुमा ढक तराजुहरुको उपलब्धताको अवस्थालाई पनि सर्भेक्षणमा समावेश गरिएको थियो । उक्त सर्भेक्षणमा

कृषि उपज बजार केन्द्रहरुमा ५० के.जी. माथिको ढक तराजुको सुविधा भएका कृषि बजार केन्द्रहरुमा ३५ वटा (९४.३१ प्रतिशत) र ढक तराजु नभएका बजार केन्द्रहरु मात्र २ वटा (५.६९ प्रतिशत) रहेको पाईयो ।

तालिका नं. ८, संचालति कृषि उपज बजारमा ढक/ तराजुको सुविधा सम्बन्धि विवरण

| ढक/तराजुको सुविधा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| भएको | ३५ | ९४.३१% | |
| नभएको | २ | ५.६९% | |
| **जम्मा** | **३७** | **१००.००** | |

## ३.७.४ थोक विक्रीस्थल र किसान विक्री स्थलको सुविधा

कृषि उपज बजार केन्द्रहरुमा कृषि जन्य उत्पादित वस्तुहरुको कारोबार गर्दा बजारको किसिम अनुसार थोक तथा खुद्रा रुपमा कारोबार हुने बजारहरुको लागि बजार पुर्वाधार तथा सुविधाहरुमा विक्रि स्थल पनि अनिवार्य रहेको हुन्छ । थोक कारोबार गर्ने बजारहरुका लागि थोक विक्रि स्थल र साना संलन केन्द्र तथा हाट बजारहरुका लागि किसान विक्रि स्थलको समेत सुविधा भएको हुनु पर्दछ । सर्भेक्षणको क्रममा कृषि बजारहरुमा थोक तथा किसान विक्रि स्थलको सुविधाको बारेमा अध्ययन गर्दा ७ वटा (१८.९२ प्रतिशत) बजारहरुमा थोक विक्रि स्थलको सुविधा भएको पाईयो भने ३० वटा (८१.०८प्रतिशत) बजारहरुमा सो सम्बन्धि सुविधा नभएको पाईयो । त्यसैगरी २४ वटा (६४.८६ प्रतिशत) बजारहरुमा किसान विक्रि स्थल भएको पाईयो ।

तालिका नं. ९, थोक विक्रि स्थल र किसान विक्रि स्थलको सुविधा सम्बन्धि विवरण

| थोक विक्रि स्थल | | | किसान विक्रि स्थल | | | |
|---|---|---|---|---|---|---|
| थोक विक्रि स्थल | संख्या | प्रतिशत | किसान विक्रि स्थल | संख्या | प्रतिशत | कैफियत |
| भएको | ७ | १८.९२ | भएको | २४ | ६४.८६ | |
| नभएको | ३० | ८१.०८ | नभएको | १३ | ३५.१४ | |
| **जम्मा** | **३७** | **१००.००** | **जम्मा** | **३७** | **१००.०** | |

### ३.७.५ शौचालय तथा खानेपानीको सुविधा

बजार संरचनाहरुको पुर्वाधार तथा सुविधाहरुमा अर्को कम्पोनेन्टको रुपमा शौचालय तथा खानेपानी सुविधा पनि महत्वपुर्ण रहने हुँदा निर्माण भएका बजारहरुमा शौचालय र खानेपानीको अवस्थाको बारेमा समेत सर्भेक्षण गरिएको थियो । उक्त सर्भेक्षणमा छनोटमा भएका ३७ वटा बजारहरु मध्ये २७ वटा (७२.२९ प्रतिशत) बजारहरुमा शौचालयको सुविधा भएको पाईयो भने १० वटा (२७.०३ प्रतिशत) बजारहरुमा नभएको पाईयो । त्यसैगरी स्थापना भएका बजारहरुमा १५ वटा (४.०५४ प्रतिशत) बजारहरुमा खानेपानीको सुविधा रहेको र २२ वटा (५९.४६ प्रतिशत) बजारहरुमा सुविधा नभएको पाइएको थियो ।

तालिका नं. १०, शौचालय तथा खानेपानी सम्बन्धि विवरण

| **शौचालयको सुविधा** | | | **खानेपानीको सुविधा** | | | |
|---|---|---|---|---|---|---|
| **शौचालय** | **संख्या** | **प्रतिशत** | **खानेपानी** | **संख्या** | **प्रतिशत** | **कैफियत** |
| भएको | २७ | ७२.९७ | भएको | १५ | ४०.५४ | |
| नभएको | १० | २७.०३ | नभएको | २२ | ५९.४६ | |
| **जम्मा** | **३७** | **१००.००** | **जम्मा** | **३७** | **१००.००** | |

### ३.७.६ कार्यालय कोठा, कम्प्यूटर तथा सूचना संचार सुविधा

कार्यालय कोठा, कम्प्यूटर साथै सूचना तथा संचार सुविधाहरु पनि बजार पुर्वाधार तथा सुविधा भित्रको अर्को एउटा महत्वपुर्ण कम्पोनेन्टको रुपमा रहेको हुँदा कृषि उपज बजारहरुमा बजारिकरण सम्बन्धि हुने विभिन्न सूचना सम्प्रेक्षण, बजारमा भएको कारोबारको अभिलेखिकरण तथा अन्य बजार व्यवस्थापनका लागि कार्यालय कोठाको आवश्यकता रहने गर्दछ । तसर्थ स्थापना भएका वा हाल संचालित बजारहरुमा भएको सुविधाको बारेमा सर्भेक्षण गर्दा १० वटा (२७.०३ प्रतिशत) कृषि उपज बजार केन्द्रहरुमा कार्यालय कोठा, कम्प्यूटर साथै सूचना तथा संचार सुविधा भएको पाईयो भने २७ वटा (७२.९७ प्रतिशत) कृषि उपज बजार केन्द्रहरुमा उक्त सुविधा नभएको पाईयो । तसर्थ कृषि उपज बजार केन्द्रहरुमा कार्यालय कोठा, कम्प्यूटर तथा सूचना

संचार सम्बन्धि सुविधाहरु हुन नसक्नुले नियमित कारोबार भएका कृषि जन्य वस्तुहरुको रेकर्ड व्यवस्थापन, कृषक स्तर सम्म बजार सम्बन्धि सूचनाहरु सम्प्रेक्षण लगायतका कार्यहरुमा समस्या रहेको पाइयो ।




चित्र नं. १० कार्यालय कोठा, कम्प्यूटर तथा सूचना संचार सुविधा

### ३.७.७ भण्डारण कोठा र शित भण्डार/कोल्ड च्याम्बरको सुविधा

कृषि बजार केन्द्रहरुमा नियमित संकलन तथा कारोबार हुने कृषि जन्य उत्पादित वस्तुहरुलाई वस्तुको प्रकृति र बजारको अवस्था अनुसार केहि दिन वा केहि महिना सम्म सुरक्षित रुपमा भण्डारण गरी राख्नको लागि बजार संरचना भित्रै भण्डारण कोठा वा कोल्ड च्याम्बरको पनि आवश्यकता हुने हुँदा प्रदेश सरकारबाट वा अन्य निकायहरुको अनुदान सहयोगमा निर्माण भएका बजारका पुर्वाधारहरुमा भण्डारण कोठा र शित भण्डारण/कोल्ड च्याम्बरको सुविधा छ वा छैन भनी सर्भेक्षण गरिएको थियो । सर्भेक्षणको क्रममा प्रदेश सरकारबाट निर्माण भएका ३६ र अन्य निकायबाट निर्माण भएको १ गरी ३७ वटा बजारहरु मध्ये २३ वटा (६२.१६ प्रतिशत) बजारहरुमा भण्डारण कोठा रहेको र १४ वटा (३७.८४ प्रतिशत) बजारहरुमा नभएको पाईयो । त्यसैगरी ६ वटा बजारहरुमा कोल्ड च्याम्बर पनि संगै रहेको पाईयो । कोल्ड च्याम्बर

नभएका केही कृषि उपज बजार केन्द्रहरुबाट कोल्ड च्याम्बरको सुविधा भएमा उत्पादित कृषि जन्य वस्तुहरुलाई स्टोर गरी बजारको आवश्यकता अनुसार विक्रि वितरण गर्न सहज हुने बजार संचालकहरुबाट जानकारी भएको थियो ।

तालिका नं. ११, भण्डारण कोठा र शित भण्डारण/कोल्ड च्याम्बरको विवरण

| **भण्डार कोठाको सुविधा** | | | **शित भण्डार/ कोल्ड च्याम्बरको सुविधा** | | | |
|---|---|---|---|---|---|---|
| **भण्डारण कोठा** | **संख्या** | **प्रतिशत** | **शित भण्डार/ कोल्ड च्याम्बर** | **संख्या** | **प्रतिशत** | **कैफियत** |
| भएको | २३ | ६२.१६% | भएको | ६ | १६.२२ | |
| नभएको | १४ | ३७.८४% | नभएको | ३१ | ८३.७८ | |
| **जम्मा** | **३७** | **१००.००** | **जम्मा** | **३७** | **१००.००** | |

## ३.७.८ ढुवानी साधनको सुविधा

कृषि बजार केन्द्रहरुमा नियमित संकलन तथा कारोबार भएका कृषि जन्य उत्पादित वस्तुहरुलाई स्थानीय तथा ठुला बजारहरुमा पुर्याउनको लागी ढुवानी साधन पनि बजार पुर्वाधार तथा सुविधा भित्र पर्ने गर्दछ । यस प्रदेशको पहाडी भु-भागमा उत्पादित वस्तुहरुलाई ढुवानी गर्दा विभिन्न ढुवानी साधन (बस, ट्रक, टयाक्टर, पीक अप) हरुमा जथाभावी रुपमा ढुवानी हुने र ढुवानीबाट हुने पोष्ट हार्भेट क्षति पनि बढि हुने, ढुवानीमा हुने बजार लागत खर्च बढ्ने र सयममा ढुवानी गर्न सहज नहुने समस्याका कारण हरेक बजार केन्द्रहरुमा ढुवानी साधनको वढ्दो माग भईरहेको पाईन्छ । यसै परिप्रेक्षमा सर्भेक्षणमा छनोट भएका के कति कृषि उपज बजार केन्द्रहरुमा ढुवानी साधनको सुविधा पुगेको छ भनी अध्ययन गरिएको थियो । उक्त सर्भेक्षणमा १० वटा (२७ प्रतिशत) बजारहरुमा ढुवानी साधन भएको र २७ वटा (७३ प्रतिशत) बजारहरुमा ढुवानी साधनको नभएको पाईयो । धेरै कारोबार गर्ने केही कृषि उपज बजार केन्द्रहरुबाट ढुवानी साधनको सुविधा भएमा उत्पादित कृषि जन्य वस्तुहरुको बजारीकरणमा सहज हुने बजार संचालकहरुबाट जानकारी भएको थियो ।




चित्र नं. ११ ढुवानी साधनको सुविधा सम्बन्धि विवरण

### ३.७.९ सूचना वोर्डको सुविधा

बजार पुर्वाधारका विभिन्न सुविधाहरुमा जस्तै सूचना वोर्ड पनि बजार पुर्वाधारको एक महत्वपुर्ण सुविधा भित्र पर्ने गर्दछ । व्यस्थित रुपमा संचालन भएका ठुला ठुला कृषि उपज बजारहरुमा बजार सम्बन्धि जानकारी मुलक सूचना तथा कृषि जन्य उत्पादित वस्तुहरुको दैनिक मुल्य सूचिलाई सबै कृषक, व्यापारी तथा उपभोक्ता लाई जानकारी हुने गरी सूचना वोर्डमा राखिएको हुन्छ । त्यसै अनुरुप सर्भेक्षणमा छनोट भएका कृषि उपज बजार केन्द्रहरुमा सूचना वोर्डको व्यवस्था गरिएको छ वा छैन यदि छ भने कसरी व्यवस्थित गरिएको छ भन्ने उद्देश्यले सर्भेक्षण गरिएको थियो । सर्भेक्षणको क्रममा छनोटमा भएका ३७ वटा बजारहरु मध्ये ३ वटा (८.११ प्रतिशत) बजारहरुमा सुचना वोर्ड राखिएको पाईयो भने बाँकी ३४ वटा (९१.८९ प्रतिशत) बजारहरुमा सूचना वोर्ड नभएको पाइयो । त्यसैगरी संचालित दैनिक तथा साप्ताहिक बजारहरुमा कृषि जन्य उत्पादित वस्तुहरुको दैनिक मल्यू निर्धारण पनि नहुने र सबैलाई जानकारी हुने गरी मूल्य सुची नराखेको पाईएको हुँदा प्रत्येक महिनाको औसत मुल्यको आधारमा कृषकहरुलाई उत्पादन योजना बनाउन एवं उत्पादन तथा बजार लागत सम्बन्धि अभिलेखिकरण राख्न समेत समस्या हुने देखिएको ।

तालिका नं. १२, सूचना वोर्ड सुविधा सम्बन्धि विवरण

| सूचना वोर्ड | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| सुचना वोर्ड भएको | ३ | ८.११ | |
| नभएको | ३४ | ९१.८९ | |
| **जम्मा** | **३७** | **१००.००** | |

### ३.७.१० बजार संचालन विधि

अध्ययनको क्रममा छनोट भएका ३७ वटा बजारहरुको संचालन सम्बन्धी विधि/प्रक्रियाको बारेमा विश्लेषण गरिएको थियो । उक्त अध्ययनमा पालिकाद्धारा ठेक्कामा संचालनमा रहेका बजारहरुको संख्या ११ वटा (२९.७३ प्रतिशत), समूह/सहकारी मार्फत संचालन बजारहरुको संख्या २० वटा (५४.०५ प्रतिशत), पालिकाबाट सिधै हेर्ने गरी संचालन संख्या १ वटा (२.७० प्रतिशत) र संचालमा नरहेका बजारहरुको संख्या ५ वटा (१३.५१ प्रतिशत) रहेको पाईयो । यस अध्ययनमा पालिकाबाट ठेक्कामा संचालन भएका बजारहरुबाट शुल्क अशुल्ने तर बजारलाई ब्यवस्थित रुपमा संचालन गर्न र आवश्यक न्यूनतम सुविधाहरु प्रदान गर्न पर्याप्त ध्यान नदिने गरेको उत्तरदाताहरुले जानकारी दिएका थिए । खास गरी हाट बजारहरु पालिकाबाट ठेक्कामा संचालन भएको पाइयो ।




चित्र नं. १२ बजार संचालन विधि सम्बन्धि विवरण

## ३.८ बजारमा विषय विज्ञ तथा कर्मचारी व्यवस्थापन प्रक्रिया

सर्भेक्षणको क्रममा छनौटमा परेका बजारहरुमा बजार विज्ञ सुविधा र कर्मचारी व्यवस्थापन सम्बन्धी अध्ययन गरिएको थियो । उक्त अध्ययनमा सबै बजारहरुमा बजार विज्ञ सम्बन्धी व्यवस्था नभएको पाइयो । त्यसैगरी संचालित बजारहरुमा बजार हेर्नको लागि छुट्टै कर्मचारी व्यवस्थापन सम्बन्धी व्यवस्थापन के कस्तो रहेको छ भनी अध्ययन गर्दा ८ वटा (२१.६२) प्रतिशत बजारहरुमा छुट्टै कर्मचारीको व्यवस्था भएको पाइयो भने अन्य बजारहरुमा संचालक समूह/समिति/ सहकारीका पदाधिकारीहरबाट हेर्ने र केही बजारहरु पालिका द्वारा ठेक्कामा पनि संचालन भएको पाइयो । विशेष गरी दुध डेरीहरुमा कर्मचारीहरुको व्यवस्थापन गरेको र कारोबारको रेकर्ड व्यवस्थापन नियमित हुने गरेको पाईयो ।

तालिका नं. १३, बजारमा विषय विज्ञ तथा कर्मचारी व्यवस्थापन सम्बन्धि विवरण

| विज्ञ सुविधा | | | कर्मचारी व्यवस्थापन | | | |
|---|---|---|---|---|---|---|
| विज्ञ | संख्या | प्रतिशत | बजार हेर्ने छुट्टै कर्मचारी | संख्या | प्रतिशत | कैफियत |
| भएको | - | - | भएको | ८ | २१.६२ | |
| नभएको | ३७ | १००.०० | नभएको | २९ | ७८.३८ | |
| **जम्मा** | **३७** | **१००.००** | **जम्मा** | **३७** | **१००.००** | |

## ३.९ संचालित बजारहरुमा मुल्य निर्धारण प्रक्रिया

सर्भेक्षणको क्रममा छनौटमा परेका बजारहरुमा कारोबार हुने कृषि जन्य वस्तुहरुको मुल्य निर्धारण प्रक्रिया कुन विधि प्रक्रियाबाट हुने गरेको छ भन्ने सन्दर्भमा अध्ययन गरिएको थियो । उक्त अध्ययनमा दुध डेरी संचालन गर्ने संकलन केन्द्रहरुमा दुधको गुणस्तर (ल्याक्टो र फ्याट) को आधारमा हुने र अन्य सबै कृषि उपजहरुको कारोबार हुने बजारहरमा स्थानीय ब्यापारीले तोकेको आधारमा मुल्य निर्धारण हुने जानकारी भएको थियो । खास गरी मूल्य निर्धारण प्रक्रिया उत्पादन र बजार लागतको

आधारमा हुनु पर्नेमा यसका लागि स्थानिय तहबाट पहल नभएको उत्तरदाताहरु र कृषकहरुले जानकारी गराएका थिए ।

## ३.१० संचालित बजारहरुमा कारोबारको अभिलेखिकरण अवस्था

सर्भेक्षणको क्रममा छनौटमा परेका बजारहरुमा कारोबार हुने कृषि जन्य वस्तुहरुको कारोबार परिमाण सम्बन्धी रेकर्ड अभिलेखिकरण भएको छ वा छैन भन्ने विषयम अध्ययन गरिएको थियो । उक्त अध्ययनमा दुध डेरी लगायतका केही बजारहरु जसमा ८ वटा (२१.६२ प्रतिशत) बजारहरुबाट रेकर्ड अभिलेखिकरण गरेको पाईयो भने २९ वटा (७८.३८ प्रतिशत) बजारहरुको रेकर्ड अभिलेखिकरणमा कमजोर रहेको पाइयो । यस अध्ययनबाट के स्पष्ट हुन सक्दछ भने संचालित अधिकांश बजारहरुबाट कारोबार भएको परिमाण र रकमको रेकर्ड व्यवस्थापन हुन नसक्दा उक्त कारोबारको परिमाणमा स्थानीय र बाह्य उत्पादनको योगदान के कति प्रतिशत रहेको छ भन्ने विषयमा लेखा जोखा गर्न कठिनाई हुने देखिएको ।




चित्र नं. १३ कारोबार भएका कृषि जन्य वस्तुहरुको रेकर्ड अभिलेखिकरण समबन्धी विवरण

## ३.११ अनुदान सहयोगको किसिम

प्रदेश सरकारबाट बजार पुर्वाधार सम्बन्धि भएको विभिन्न अनुदानको किसिमहरुमा ढुवानी साधन र संरचना निर्माण मध्ये कुन अनुदानको किसिममा अनुदान प्राप्त गरेका थिए भनी विश्लेषण गरिएको थियो । उक्त अध्ययनमा छनोट भएका ३७ वटा बजारहरु मध्ये प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका ३६ वटा बजारहरु रहेका थिए र ३६ वटा बजारहरु मध्ये पनि ३५ वटा (९७.२२ प्रतिशत) बजारमा भवन पुर्वाधार (भवन, सेड हाउस) तर्फ र १ वटा बजारमा बजार पुर्वाधारको संरचना र ढुवानी साधन दुवैमा अनुदान प्राप्त गरेको पाईयो ।

तालिका नं. १४, बजारहरुले प्राप्त गरेको अनुदानको किसिम

| बजारहरुले प्राप्त गरेको अनुदानको किसिम | | | कैफियत |
|---|---|---|---|
| सहयोग | संख्या | प्रतिशत | |
| भवन पुर्वाधार (भवन, सेड) | ३५ | ९७.२२ | |
| सवारी साधन र भवन पुर्वाधार दुवै | १ | २.७८ | |
| **जम्मा** | **३६** | **१००.००** | |

## ३.१२ अनुदान प्राप्त बजारहरुमा अनुदानको सान्दर्भिकता र प्रभावकारीता

प्रदेश सरकारको अनुदानको औचित्य र प्रभावकारीता बारेको अध्ययन गर्दा प्रदेश सरकारबाट अनुदान प्राप्त ३६ वटा बजारहरु मध्ये ३५ वटा (९७.२२%) ले प्राप्त अनुदान सान्दर्भिक भएको प्रतिक्रिया दिएका थिए भने ३३ जना (९१.६७%) ले उक्त सहयोग बजार संचालनको लागी प्रभावकारी पनि भएको जानकारी गराएका थिए । त्यसैगरी अनुदान प्रभाबकारी छ भन्ने मध्येका करिब ५४.०५ प्रतिशत उत्तरदाताहरुले अनुदान अतिनै प्रभाबकारी भएको राय दिएका थिए ।

तालिका नं. १५, अनुदानको सान्दर्भिकता र प्रभावकारिता सन्दर्भमा उत्तरताहरुको प्रतिक्रिया

| **सान्दर्भिक** | | **प्रभावकारीता** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| **छ** | **छैन** | **छ** | | **छैन** | |
| ३५ (९७.२२) | १ (२.७८) | ३३ (९१.६७ | | ३ (८.३३) | |
| | | उच्च | २० (५४.०५) | | |
| | | मध्यम | १५ (४०.५४) | | |
| | | न्यून | २ (५.४१) | | |

## ३.१३ प्रदेश सरकारबाट अनुदान पाएका बजारको अवस्था

अध्ययनको लागी छानिएका जम्मा ३७ वटा बजारहरु मध्ये प्रदेश सरकारको अनुदान प्राप्त गरेका ३६ वटा बजारहरु रहेका थिए । उक्त बजारहरु मध्ये ३१ वटा (८६.११ प्रतिशत) संचालनमा रहेको पाईयो भने ५ वटा (१३.८९%) बजार निर्माण सम्पन्न भएता पनि संचानल नभएको पाईयो।

तलिका नं. १६, प्रदेश सरकारबाट अनुदानमा सञ्चालित बजारहरुको बर्तमान अवस्था

| बजारको अवस्था | लुम्बिनी प्रदेश | | कैफियत |
|---|---|---|---|
| | संख्या | प्रतिशत | |
| संचालन भइरहेको | ३१ | ८६.११ | |
| संचालनमा नभएको | ५ | १३.८९ | |
| **जम्मा** | **३६** | **१००.००** | |

